प्रमाणिकरण मिति २०७५/१०/२८

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख
( नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधि २०७५ )

देवचुली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:१.                संख्या:.३

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०७५/११/१३

स्वीकृत मिति:२०७५।१०।२०

## भाग २

## देवचुली नगरपालिकाको

## बाल विवाह विरुद्ध कार्यकम संचालन खर्च कार्यविधि २०७५

**प्रस्तावना :**

देशमा रहेको बाल विवाह जस्ता कुप्रथाहरुको अन्त्य गर्ने कार्यक्रमहरु संचालन गर्ने खर्च सम्वन्धी कार्यविधि, २०७५ देवचुली नगरपालिकाले जारी गरेको छ ।

### परिच्छेद १

**१.संक्षिप्तनाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम"वालविवाह विरुद्ध कार्यकम संचालनखर्च कार्यविधि २०७५"रहेको छ ।

(ख) यो कार्यविधि देवचुली नगरपालिकावाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "प्रदेश र स्थानीयतहको बालअधिकार समिति"भन्नाले बालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६० बमोजिम गठन हुने समिति सम्झनुपर्दछ ।

(ख) "मन्त्रालय " भन्नाले महिला, वालवालिकातथाज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ग) "राष्ट्रिय वालअधिकार परिषद" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ वमोजिम गठन हुने परिषद सम्झनुपर्दछ ।

(घ) "वालकल्याण अधिकारी" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।



Scanned by CamScanner

प्रमाणिकरण मिति २०७५/१०/२३

पूर्णकुमार श्रेष्ठ

नगर प्रमुख

(नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधि २०७५)

(ङ) "बालविवाह"भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्झनु पर्दछ ।

(च) "विभाग " भन्नाले महिला तथा बालबालिका विभाग सम्झनु पर्दछ ।

(छ) "स्थानीय तह"भन्नाले देवचुली नगरपालिका सम्झनु पर्दछ ।

## परिच्छेद २

**३. कार्यविधिको उद्देश्य:**

१. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बालविवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. बालविवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने

३. बालविवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिकतथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

४. बालविवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

**४. कार्यक्रम संचालन :**

१. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथाप्रजनन स्वास्थ्यतथाअधिकारका साथै बाल विवाहका विषयमा बालक, किशोर तथा पुरुषहरूको सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

२. बालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बालक्लब र समुदायका बालवालिकाहरुको बालकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।

३ बालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने ।

४. बालविवाह विरुद्ध सामुदायिकस्तरमा बालक्लब, युवा क्लबवा अन्य समुहनिर्माण गर्ने वाभएका समुहमा बालिकाहरुको सहभागितालाई प्रोत्साहन गर्ने कार्यकमहरु संचालन गर्ने ।

५. सरकारी, गैर सरकारी र निजी संघसंस्थाहरुसँग समन्वय गरीवालविवाह विरुद्ध पारिवारीक सचेतना कार्यकम संचालन गर्ने ।

६. बालविवाह, लैगिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा वालक , किशोर तथा पुरुषहरुको सहभागीता गराउने सचेतना कार्यकमहरु संचालन गर्ने ।

## परिच्छेद ३

**५. खर्च र लेखापरीक्षण:**

बालविवाह तथा बालबालिका माथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन बमोजिम आयव्य विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति मन्त्रालयमा पठाउनुपर्नेछ ।



Scanned by CamScanner

प्रमाणिकरण मिति २०७५/१०/२४

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख
नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधि २०७

६. **प्रतिवेदनपेश गर्नुपर्ने :**

बालविवाह तथा बालबालिका माथि हुने हिंसाका व्यवस्थापन सम्वन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमातयार गरी स्थानीयतहले सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

**परिच्छेद : ४**

७. **विविधः**

बालविवाह तथा बालबालिका माथि हुने हिंसा सम्वन्धी सचेतना मुलक कार्यक्रम संचालन गर्दा बालविबाह अन्त्यका लागि राष्टिय रणनीतिलाइ समेत आधार मान्नुपर्नेछ ।

आज्ञाले
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner